फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल ।

फोन नं.: ०६७ –४३०१०३
०६७ –४३०१०२
०६७ –४३०१०४

प.सं. :- ०८०।०८१
च.नं. :-

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मिति:२०८१/०३/३०

सूचना नं ०५२०८०/०८१

विषयः तहवृद्धि सम्बन्धी सूचना ।।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सर्तहरु पुरा भएका फलेवास नगरपालिकामा कार्यरत स्थानीय सेवाका इच्छुक कर्मचारीहरुले यस कार्यालयको वेव साइट https//phalewasmun.gov.np मा राखिएको तह वृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाई २ प्रति तयार गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८१/०४/०६ गते कार्यालय समयभित्र कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ ।म्याद नाघी प्राप्त हुन आएका अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**१) स्थानीय स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमाः**

क. अधिकृतस्तर छैटौ,आठौ र दशौ तह ( प्राविधिक/ अप्राविधिक ) को पदमा तह वृद्धिको लागि क्रमशः सहायक पाचौं,अधिकृत स्तर सातौ र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवाअबधि पुरा धएको हुनुपर्ने ।

ख. अधिकृतस्तर छैटौ,आठौ र दशौ तह ( प्राविधिक/ अप्राविधिक ) को पदमा तह वृद्धिको लागि क्रमशः सहायक पाचौं,अधिकृत स्तर सातौ र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तीमा ९५अंक प्राप्त गरेको हुनुपर्ने ।

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्ने ।

**२) स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमाः**

क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा २७ को उपदफा (३) बमोजिम ( स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको स्वा सर्त र अवधी पुरा गरेको हुनु पर्ने।

**ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तर वृद्धिको लागि आवश्यक पर्ने निम्न कागजात संलग्न गर्नुपर्ने ।**

ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सुचिमा नपरेको हुनुपर्ने ।

घ. स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसुची (११) बमोनिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधीको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र ।(साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधी खुल्ने कागजातहरु कामकाज गर्न खटाइएको पत्र रमना पत्र र हाजिरीको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने)

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियूक्ति भएका कर्मचारीहरुले यस कार्यालयमा समायोजन भएको पत्रको प्रतिलिपि ।

नारायणप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल ।

फोन नं.: ०६७ –४३०१०३
०६७ –४३०१०२
०६७ –४३०१०४

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

प.सं. :- ०८०।०८१
च.नं. :-

च. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्ने ।

३) स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरु:

क. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमको विवरण स्पष्ट खुलाउनुपर्ने छ।

ख. सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग. तह वृद्धि हुने भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर वृद्धिको प्रमाणित प्रतिलिपि

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस फलेवास नगरपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रतिलिपि ।

ङ. अद्यावधिक कर्मचारीको विवरण (PIS)।

नारायणप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत